मिति २०८२/६/८ गते बसेको तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिका बैठकको उपस्थिति, प्रस्ताव र निर्णय

श्री

नेपालको संविधानको धारा २१५ को उपधारा (२) मा व्यवस्था भए बमोजिम तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिकाको बैठक गाउँ कार्यपालिका अध्यक्ष श्री कर्ण बहादुर मगरज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको पदाधिकारीहरुको उपस्थितिमा वसी निर्धारित प्रस्तावहरु उपर आवश्यक छलफल गर्दै तपसिल बमोजिमका निर्णयहरु पारित गरियो।

बैठक सञ्चालन स्थानः तीनपाटन गाउँ कार्यपालिकाको कार्यालयको सभाहल।

बैठक सञ्चालन मितिः २०८२/०६/८ गते।

बैठक बसेको समयः विहान ११:०० बजे।

उपस्थिति

| क्र.सं. | पदाधिकारीको नाम, थर | पदाधिकारीको दर्जा | उपस्थिति |
|---|---|---|---|
| १. | श्री कर्णबहादुर मगर | गाउँ कार्यपालिका अध्यक्ष | |
| २. | श्री धनबहादुर पुलामी अशोक | गाउँ कार्यपालिका उपाध्यक्ष | |
| ३. | श्री गोविन्दबहादुर राउत | वडा अध्यक्ष, १ नं. वडा | |
| ४. | श्री मुकुन्दप्रसाद पौडेल | वडा अध्यक्ष, २ नं. वडा | |
| ५. | श्री लालबहादुर स्याङ्तान | वडा अध्यक्ष, ३ नं. वडा | |
| ६. | श्री खड्गबहादुर भुजेल | वडा अध्यक्ष, ४ नं. वडा | |
| ७. | श्री भुपालसिंह तामाङ | वडा अध्यक्ष, ५ नं. वडा | |
| ८. | श्री वीरबहादुर पुलामी | वडा अध्यक्ष, ६ नं. वडा | |
| ९. | श्री युवराज पहाडी | वडा अध्यक्ष, ७ नं. वडा | |
| १०. | श्री कृष्णप्रसाद गौतम | वडा अध्यक्ष, ८ नं. वडा | |
| ११. | श्री मोहनबहादुर गौतम | वडा अध्यक्ष, ९ नं. वडा | |
| १२. | श्री पुण्यहरी भुजेल | वडा अध्यक्ष, १० नं. वडा | |
| १३. | श्री तिलकबहादुर बस्नेत क्षेत्री | वडा अध्यक्ष, ११ नं. वडा | |
| १४. | श्री तारामाया श्रेष्ठ | गाउँ कार्यपालिका सदस्य | |
| १५. | श्री गंगामाया तामाङ | गाउँ कार्यपालिका सदस्य | |
| १६. | श्री सिम कुमारी आले | गाउँ कार्यपालिका सदस्य | |
| १७. | श्री युवमाया मस्राङ्गी | गाउँ कार्यपालिका सदस्य | |
| १८. | श्री कमलबहादुर दमै | गाउँ कार्यपालिका सदस्य | |
| १९. | श्री लोकबहादुर विक | गाउँ कार्यपालिका सदस्य | |
| श्री टंकबहादुर नेगी, प्रमुख प्रशासकीय अधिकृत | | सचिव, गाउँ कार्यपालिका | |

सहजकर्ता श्री जीतेन्द्र गिरी, प्राविधिक आठौं
श्री चन्द्रिका थापा, कार्यालय सहयोगी

मिति २०८२/६/८ गते बसेको तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिका बैठकको उपस्थिति, प्रस्ताव र निर्णय

| प्रस्ताव नं. | प्रस्तावको विषय | सम्बन्धित शाखा/वडा/ विषयगत समिति |
|---|---|---|
| १. | अघिल्लो कार्यपालिका बैठकको निर्णय समीक्षा सम्बन्धमा | प्रशासन शाखा |
| २. | निकासी ठेक्का रद्द गर्ने | राजस्व प्रशासन उपशाखा |
| ३. | खेलकुद सञ्चालन कार्यविधि संशोधन गर्ने | खेलकुद विकास सचिवालय |
| ४. | भुक्तानी सम्वन्धमा | आर्थिक प्रशासन शाखा |
| ५. | काजकिरिया खर्च सम्बन्धमा | स्वास्थ्य शाखा |
| ६. | विविध | |

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा यसअघि मिति २०८२/०५/२२ गते वसेको गाउँ कार्यपालिका बैठकका निर्णयहरु समीक्षा गरियो।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा तीनपाटन गाउँपालिकाको जडिवुडी, कवाडी तथा जीवजन्तु लगायतको वस्तुहरुको व्यावसायीक उपयोग तथा निकासी कर संकलन (काठजन्य वस्तु निकासी बाहेक) ठेक्का ०१।०८२-८३ श्री फापरचुली निर्माण सेवा प्रा.लि. कमलामाई-६ सँग ठेक्का सम्झौता भई कार्य भइरहेकोमा उक्त निर्माण सेवा (दोस्रो पक्षले) दुईपक्षीय सम्झौतामा उल्लेख भएका शर्तहरु उल्लंघन गरेको पाइएकोले उक्त निर्माण सेवा प्रा.लि.सँगको ठेक्का आजको मितिवाट रद्द गर्ने।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस गाउँपालिकाको खेलकुद कार्यक्रम सञ्चालन गर्ने कार्यविधिमा विद्यमान परिस्थितिलाई मध्यनजर गर्दै खेलकुद संयोजकको सुविधा, खेलकुद कार्यक्रममा सहभागी रेफ्रि लगायको सेवा सुविधामा आवश्यक परिमार्जन गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस गाउँपालिकाको वडामा राष्ट्रिय परिचयपत्र वितरण गर्दा परिचयपत्र वितरण गर्ने अपरेटरलाई खाना र बासको लागि लागेको खर्च भूक्तानी गर्ने।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफले गर्दा मिति २०८२ भदौ २४ गतेको जेन्जी जेड आन्दोलनमा घाइते भई पछि उपचारका क्रममा दिवंगत हुनु भएका यस पालिका वडा नं. ६, भलायोडाँडा निवासी दिपेश सुनुवारको परिवारलाई काजकिरिया खर्च रु. २५०००।० (पच्चीस हजार मात्र) उपलब्ध गराउने।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ विविधमाथि छलफल गर्दा यस गाउँपालिकाको वडा नं. ७ का वडा अध्यक्ष श्री युवराज पहाडीको भारत भ्रमणको बारेमा यस गाउँपालिकालाई जानकारी भयो। साथै यस वर्षको वडा दशैंको उपलक्षमा यस गाउँपालिकावासी सहित स्वदेश तथा विदेशमा रहनुहुने सम्पूर्णमा शुभकामना व्यक्त गर्ने।

*उल्लिखित प्रस्ताव उपर सर्वसहमत निर्णय गरी आजको बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो।*